# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी(ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ ०७८-५७५३९६, ५७५०१०


च.नं.

प.सं. २०७६।०७७ मिति : २०७७।०३।२०

**विषय: कोभिड-१९ संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम र नियन्त्रणमा सन्दर्भमा बन्दाबदी (Lockdown) कार्यान्वयन गर्न गराउन जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७/०३/१८ मा जारी गारिएको निषेधात्मक आदेश यँहाहरुमा सबैलाई विदितै छ ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयको मिति २०७७/०३/२० गतेको प्रेश विज्ञप्ति अनुसार मिति २०७७/०३/१७ गते संकलन गरी गरिएको स्वाब (PCR) परिक्षणमा देवचुली नगरपालिकामा थप २ महिला र ५ पुरुष सहित ७ जनामा कोरोना पुष्टि भएको छ । उहाँहरुलाई सामुदायिक प्राकृतिक चिकित्सालय रजहरको आइसोलेसन कक्षमा लगिएको छ ।

देवचुली नगरपालिका वडा नं. १७ निवासी ४२ बर्ष पुरुष यु.ए.ई बाट मिति २०७७/०३/१० गते हिमालय एअर मार्फत काठमाडौं अवतरण गरी सेनाको स्कर्टिङमा आई मिति २०७७/०३/१५ गते केहि समय आफनै घर बसी सोहि दिन बरचुली मा.विको क्वारेन्टाइन बसेको र देवचुली नगरपालिका वडा नं ८ निवासी २५ बर्ष महिला कुवेतबाट मिति २०७७/०२/२८ गते काठमाण्डौं अवतरण गरी २०७७/०३/०६ सम्म भक्तपुर क्वारेन्टाइनमा बसी २०७७/०३/०७ मा सेनाको स्कटिङमा आई २०७७/०३/०७ गते बाट केहि दिन आफनै घर बसी मिति २०७७/०३/१४ गतेबाट कालिका मा.वि क्वारेन्टाइनमा बसेकी थिइन ।

यस घटनाले उक्त क्षेत्रमा कोभिड-१९ संक्रमणको जोखिम थप बढ्न सक्ने हुँदा मिति २०७७/०३/२० गते देखि २०७७/०३/२७ गते सम्म ७ दिनको लागि देवचुली नगरपालिका वडा नं. १७ निवासी ४२ बर्ष पुरुष बस्ने घर सहित चार सिमानामा पर्ने संगैका २ वटा घर र वडा नं ८ निवासी २५ बर्षकी महिलाको घरमा समेत मानिसहरुको आवत-जावत लगायतका गतिविधिहरु नगर्नु/नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत